२०७४ साल माघ २६ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (ख) बमोजिम देहायका व्यक्तिहरूलाई राष्ट्रिय सभाको सदस्यमा मनोनीत गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने –

(क) श्री गोपालकुमार वस्नेत, झापा ।

(ख) श्री चाँदनी जोशी, काठमाडौं ।

(ग) श्री कृष्णप्रसाद पौडेल, स्याङ्गजा ।

२. उद्योग मन्त्रालय— औद्योगिक बौद्धिक सम्पति सम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न नयाँ विधेयक तर्जुमा सम्बन्धमा सैद्धान्तिक सहमती दिने।

३. कृषि विकास मन्त्रालय— वीउ विजनको किसिम ,जातहरुको सूची नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

४. गृह मन्त्रालय— राष्ट्रिय झण्डा तथा राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०७४ स्वीकृत गर्ने ।

५. गृह मन्त्रालय— प्रदेश प्रमुख सचिवलाई अधिकार प्रत्यायोजन गर्ने ।

६. परराष्ट्र मन्त्रालय— नेपाल सरकार र कतार सरकारबीच कूटनीतिक तथा सरकारी/विशेष राहदानी बाहकहरूलाई एक अर्को मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा छुट दिने सम्झौता स्वीकृत गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी तथा यातायात व्यवस्था (आठौं संशोधन) नियमावली, २०७४ स्वीकृति गर्ने।

८. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— Convention on the Rights of Persons with Disabilities मा मन्त्रीको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने ।

९. रक्षा मन्त्रालय— राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई कदरस्वरुप नेपाली सेनाको मानार्थ सहायक रथी दर्जा प्रदान गर्ने ।

१०. वन तथा भू-संरक्षण मन्त्रालय— चूनढुङ्गा उत्खननका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

११. वन तथा भू-संरक्षण मन्त्रालय— भूकम्प पीडितलाई काठ विक्री-वितरण गर्ने र नेपाल विद्युत प्राधिकरणलाई पोल उपलब्ध गराउने गरी द टिम्बर कर्पोरेशन अफ नेपाललाई काठ उपलब्ध गराउने ।

१२. वन तथा भू-संरक्षण मन्त्रालय— तल्लो छोटे खोला साना जलविद्युत आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१३. वन तथा भू-संरक्षण मन्त्रालय— समुन्द्रटार-त्रिशुली ३ बी हब १३२ के.भी. प्रसारणलाइनको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१४. वन तथा भू-संरक्षण मन्त्रालय— माथिल्लो दरौंदीखोला १ जलविद्युत आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१५. वन तथा भू-संरक्षण मन्त्रालय— बोधी श्रवण धार्मिक वन वन ऐन, २०४९ को दफा ३५ बमोजिम गर्न सैद्धान्तिक स्वीकृति दिने।

१६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्ने ।

१७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— नेचासल्यान गाउँपालिकाको वडा नं. ६ लाई सोलुदुधकुण्ड नगरपालिकामा समावेश गर्ने ।

१८. सूचना तथा सञ्चार मन्त्रालय— प्रदेश स्तरका राजपत्र छपाई र प्रकाशन गर्ने ।

१९. स्वास्थ्य मन्त्रालय—

१. डडेलधुरा जिल्ला नवदुर्गा गाउँपालिकाको डाँडावनमा ३० शैयाको अस्पताल स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२. रुकुम (पश्चिम भाग) र रोल्पाको जिल्ला अस्पताललाई ५० शैयामा स्तरोन्नति गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३. रुकुम (पूर्वी भाग)मा ५० शैयाको जिल्ला अस्पताल स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

४. नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैयामा स्तरोन्नति गरी नवलपुर जिल्ला अस्पताल कायम गर्न सैद्धान्तिक स्वीकृति दिने ।

५. गह्रौं घ्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र, वालिङलाई ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२०. स्वास्थ्य मन्त्रालय— लम्जुङ्ग जिल्लाको मध्य नेपाल नगरपालिका वडा नं. १ मा रहेको शहरी स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल माघ २२ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— भ्रष्टाचार विरूद्धको राष्ट्रसंघीय महासन्धिको दोस्रो चक्रको समकक्ष पुनरावलोकन गर्न गणतन्त्र नाउरूको स्थलगत भ्रमण गर्ने सरकारी विज्ञटोलीमा मनोनयन गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— लोक सेवा आयोगका मा. सदस्यको ब्राजिल भ्रमण समर्थन गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—

(क) प्रदेशमा रहने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय र प्रदेश मन्त्रालयले प्रयोग गर्ने छाप, लेटरप्याड, साइनवोर्ड र मुख्यमन्त्री/मन्त्री/राज्यमन्त्री/ सहायकमन्त्रीले लिने सपथको ढाँचा स्वीकृत गर्ने ।

(ख) प्रदेश सभामा खटिने मर्यादापालकहरूले संघीय संसदको मर्यादापालकलाई तोकिए बमोजिमको पोशाक अनिर्वाय रूपमा लगाउने व्यवस्था गर्ने ।

(ग) प्रदेश सरकारका मुख्यमन्त्रीलाई नेपाल सरकारको मन्त्रीसरहको सुरक्षा प्रदान गर्ने र प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीलाई सशस्त्र प्रहरी बल नेपालले सुरक्षा प्रदान गर्ने । सो अनुसारको सुरक्षा व्यवस्था गृह मन्त्रालयले रक्षा मन्त्रालयसंग समन्वय गरी मिलाउने ।

४. अर्थ मन्त्रालय— विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्थावाट नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा नीतिगत तथा संस्थागत सुधार गर्दै बजेट सहायताको लागि ऋण स्वीकार गर्ने विषयमा वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने।

५. अर्थ मन्त्रालय— आयोजना तयारी फिल्टर (Project Readiness Filter) लागू गर्ने ।

६. कृषि विकास मन्त्रालय— कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको 11th Replenishment का लागि नेपाल सरकारको तर्फबाट अमेरिकी डलर ७५,००० योगदान गर्ने ।

७. कृषि विकास मन्त्रालय— प्याक गरिएको पिउने पानी तथा खनिजयुक्त पानीको गुणस्तर नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

८. कृषि विकास मन्त्रालय— खाद्य पदार्थ (व्हिस्की (Whisky)) समेतको निर्धारित गुणस्तर नेपाल राजपत्रमा प्रकाशन गर्ने।

९. कृषि विकास मन्त्रालय— Regional Workshops on governance of data ecosystems for the SDGs" मा सचिवको सहभागिता स्वीकृत गर्ने ।

१०. गृह मन्त्रालय— काभ्रे घटना जाँचबुझ आयोग, २०७४ र सप्तरी घटना जाँचबुझ आयोग, २०७४ को म्याद थप गर्ने ।

११. गृह मन्त्रालय— स्व. कृष्णचरण श्रेष्ठसमते २९७ जनालाई शहिद घोषणा गर्ने ।

१२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नेपाल सरकारका नाममा दर्ता रहेको जग्गा सच्याई नेपाली जामे मस्जिद र पंच कस्मिरी तकियाको कब्रस्थान कायम गर्न स्वीकृति दिने।

१३. वन तथा भू-संरक्षण मन्त्रालय— वन तथा भू-संरक्षण मन्त्रालयका सचिवबाट हुने मेक्सिको भ्रमण स्वीकृत गर्ने ।

१४. वन तथा भू-संरक्षण मन्त्रालय— सुपरमाई जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गर्ने ।

१६. शिक्षा मन्त्रालय— शिक्षक सेवा आयोगको रिक्त सदस्यको नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने ।

१७. शिक्षा मन्त्रालय—उच्चस्तरीय शिक्षा आयोगको कार्य अवधि थप गर्ने।

१८. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्रा.) पदमा भरतप्रसाद अर्याललाई बढुवा नियुक्ति गर्ने ।

१९. सामान्य प्रशासन मन्त्रालय— प्रदेश सभा सचिवालयको अस्थायी संगठन संरचना र दरवन्दी तेरिज संशोधन गर्ने।

२०. सामान्य प्रशासन मन्त्रालय— आ.व. २०७४/०७५ को लागि निजामती किताबखानामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

२१. सूचना तथा सञ्चार मन्त्रालय— मा. राज्यमन्त्रीको दूरसञ्चार प्रविधिको विकास सम्बन्धी अध्ययन भ्रमण स्वीकृत गर्ने ।

२२. सूचना तथा सञ्चार मन्त्रालय– सि.जि. कम्युनिकेशन प्रा.लि.ले तिर्नु बुझाउनु पर्ने रकम २०७४ माघ मसान्त देखि ५ (पाँच) बराबर वार्षिक किस्तामा तिर्ने व्यवस्था मिलाउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल माघ १८ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— अर्थ राज्यमन्त्रीको बैदेशिक भ्रमण स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालय— रानी जमरा कुलरिया सिंचाई आयोजना-दोस्रो चरणको लागि विश्व बैङ्कले उपलब्ध गराउने ऋण सहायता सम्बन्धमा वार्ता गर्न नेपाल सरकारको तर्फबाट वार्ता टोली गठन गर्ने ।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार पदमा राजनप्रसाद भट्टराई बढुवा नियुक्ति एवं पदस्थापन गर्ने ।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा कृष्णजिवी घिमिरेलाई बढुवा गर्ने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— न्याय सेवाको सचिव नृपध्वज निरौलालाई न्याय परिषद्को सचिव पदमा सरुवा गर्ने ।

६. परराष्ट्र मन्त्रालय— उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको कार्यावधि थप गर्ने ।

७. पशुपंक्षी विकास मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा मनबहादुर पुनलाई बढुवा नियुक्ति गर्ने ।

८. शिक्षा मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा हरि गौतमसमेतलाई बढुवा नियुक्ति गर्ने।

९. सामान्य प्रशासन मन्त्रालय — राजपत्राङ्कित प्रथम श्रेणीको पदमा प्रल्हाद प्रसाद सापकोटासमेतलाई नियुक्ति गर्ने

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल माघ १५ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

1. अर्थ मन्त्रालय— सम्पूर्ण सम्पत्ति नेपाल सरकारको नियन्त्रणमा रहने गरी नेशनल ट्रेडिङ लिमिटेडलाई खारेज गर्ने ।
2. उद्योग मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीको पदमा पुष्करनाथ घिमिरेसमेतलाई बढुवा नियुक्ति एवं पदस्थापना गर्ने ।
3. कृषि विकास मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीको पदमा विमल थापा क्षेत्रीसमेतलाई बढुवा नियुक्ति गर्ने।
4. गृह मन्त्रालय— मर्यादाक्रम स्वीकृत गर्ने ।
5. गृह मन्त्रालय— नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको (चौथो संशोधन) विधान, २०७४ स्वीकृत गर्ने ।
6. गृह मन्त्रालय— यातायात व्यवसायी समिति/संस्थाहरूको दर्ता नवीकरण एवं नियमन गर्ने ।
7. गृह मन्त्रालय— सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा जानकीराज भट्टराईसमेतलाई बढुवा गर्ने ।
8. गृह मन्त्रालय— प्रदेश नं ५ जिल्ला रूकुम (पूर्वी भाग) को सदरमुकाम पुथा उत्तरगंगा गाउँपालिका वडा नं १२ गोल्खाँडा तोक्ने ।
9. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— तनुकलाल यादवलाई विशिष्ट श्रेणी पदको सुविधा उपलब्ध गराउने ।
10. वन तथा भू-संरक्षण मन्त्रालय— गैर कर राजश्वको दर सशोधन गर्ने ।
11. वन तथा भू-संरक्षण मन्त्रालय— घार खोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।
12. वन तथा भू-संरक्षण मन्त्रालय— चूनढुङ्गा उत्खननका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।
13. वन तथा भू-संरक्षण मन्त्रालय— रानी जमरा कुलरीया सिंचाइ आयोजनाको नहर निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।
14. वन तथा भू-संरक्षण मन्त्रालय— निलगिरी खोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।
15. रक्षा मन्त्रालय— माननीय रक्षामन्त्री भीमसेनदास प्रधानलाई मित्रराष्ट्र जापानमा औषधोपचार गराउने स्वीकृति दिने ।
16. रक्षा मन्त्रालय— नाडा नेपाल डेभलपमेण्ट फाउन्डेशन क्यानाडाको कन्फरेन्समा प्रमुख अतिथिको रूपमा सहभागी हुन मा. रक्षा मन्त्रीलाई स्वीकृति दिने।
17. सूचना तथा सञ्चार मन्त्रालय— अनलाइन सञ्चारमाध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल माघ ११ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव खगराज बरालसमेतको विदेश भ्रमण स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय— Financial Action Task Force को बैठकमा सचिवलाई सहभागी हुन स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय— कृषि क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनका लागि कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबाट प्राप्त हुने ऋण र अनुदान सहायता स्वीकार गर्ने ।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— दक्षिण कोरियाको सियोलमा आयोजना हुने "Bio-heal Technology exchange program" मा माननीय कानून, न्याय तथा संसदीय मामिला राज्यमन्त्री दिलमान पाखिनको सहभागिताको लागि भ्रमण स्वीकृत गर्ने ।

५. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— नेपाल परिवार नियोजन संघको हालको केन्द्रीय तथा शाखा कार्य समिति विघटन गरी समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा (२) बमोजिम श्री छत्रबहादुर गिरी, झापाको अध्यक्षतामा तदर्थ समिति गठन गर्ने ।

६. रक्षा मन्त्रालय— रक्षा सचिव विनोद के.सी. समेतको भ्रमणदललाई New-York मा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

७. वन तथा भू-संरक्षण मन्त्रालय— प्रसारण लाइनको राइट अफ वे निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

८. वन तथा भू-संरक्षण मन्त्रालय— रा.प. प्रथम श्रेणीको सहसचिव पदमा नवराज काफ्लेसमेत बढुवा नियुक्ति गर्ने ।

९. वाणिज्य मन्त्रालय— दोस्रो इन्डो-नेपाल व्यापार मेला तथा पर्यटन महोत्सव, २०१८ मा माननीय वाणिज्य राज्यमन्त्रीले भाग लिन स्वीकृति प्रदान गर्ने ।

१०. वाणिज्य मन्त्रालय— सात वटा प्रदेशमा एक-एक वटा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीस्थल निर्माण गर्ने।

११. शिक्षा मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा विष्णुप्रसाद अधिकारीलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।

१२. शिक्षा मन्त्रालय— बेलायतको कार्डिफमा हुने अन्तर्राष्ट्रिय सेमिनारमा सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१३. शिक्षा मन्त्रालय— बहुप्राविधिक शिक्षालय स्थापना गर्ने ।

१४. सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा डिल्ली राज जोशीलाई नियुक्ति तथा पदस्थापन गर्ने ।

१५. सिंचाइ मन्त्रालय— माननीय सिंचाइ मन्त्री र सचिवलाई अष्ट्रेलिया अध्ययन भ्रमणमा जान स्वीकृति प्रदान गर्ने ।

१६. सूचना तथा सञ्चार मन्त्रालय— सि.जि. कम्युनिकेशन प्रा.लि.ले फ्रिक्वेन्सी दस्तुर किस्तामा भुक्तान गर्ने अवधि निर्धारण गर्ने ।

१७. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरुलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
1.	श्री कृष्णप्रसाद देवकोटा	सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय	सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
2.	श्री महेश्वर न्यौपाने	सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय

१८. "मिति २०७४/१०/१० गते बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउने उमेर पुनरावलोकनको सम्बन्धमा सुझाव दिनका लागि माननीय उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजयकुमार गच्छदारको संयोजकत्वमा गठित समितिले पेश गरेको यसैसाथ संलग्न प्रतिवेदनअनुसार २०७४ साल फागुन १ गतेदेखि लागू हुने गरी जेष्ठ नागरिक भत्ता पाउने उमेर ६५ वर्ष कायम गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने। सोको लागि आवश्यक पर्ने रकम व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।"

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल माघ १० गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय आर्थिक गणना, २०७५ सञ्चालन गर्नका लागि राष्ट्रिय आर्थिक गणना, २०७५ को संगठन संरचना, जनशक्ति व्यवस्थापन र आर्थिक सुविधा सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— लोक सेवा आयोगका मा. अध्यक्षलाई World Government Summit मा सहभागी हुन स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय— Rural Connectivity Improvement Project को लागि ऋण सहायता स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय— Agriculture Sector Development Programme (ASDP) को कार्यान्वयनका लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने प्राविधिक सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय— रा.प.प्रथम श्रेणीमा दामोदर पुडासैनीलाई बढुवा नियुक्ति गर्ने ।

६. कृषि विकास मन्त्रालय— खाद्य तथा खाद्य संप्रभुताको अधिकार सम्बन्धी विधेयकमा सैद्धान्तिक स्वीकृति दिने ।

७. खानेपानी तथा सरसफाइ मन्त्रालय— America मा हुने कार्यक्रममा सहभागी हुन मा. राज्यमन्त्रीलाई स्वीकृति दिने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. गृह मन्त्रालय— अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा यादवप्रसाद रेग्मीलाई बढुवा गर्ने ।

९. गृह मन्त्रालय— प्रहरी नायव महानिरीक्षक पदको थप दरवन्दी सिर्जना गर्ने ।

१०. परराष्ट्र मन्त्रालय— वैदेशिक भत्ता निर्धारण गर्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— महाकाली पुल पहुँचमार्ग सीमा तोक्ने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीमा सत्येन्द्र शाक्यसमेतलाई बढुवा नियुक्ति गर्ने ।

१३. रक्षा मन्त्रालय— स्वीकृत मापदण्डअनुरूपको स्थायी संरचना निर्माण गर्न प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गर्ने गरी नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघको जग्गा लिजमा दिन स्वीकृति प्रदान गर्ने ।

१४. रक्षा मन्त्रालय— महासेनानी विनय विक्रम राणासमेत ४ जना महासेनानीलाई पदोन्नति गरी पदस्थापन गर्ने तथा सहायकरथी नवजीव शम्शेर राणा समेत ११ जना सहायकरथीहरुलाई सरुवा गर्ने ।

१५. वन तथा भू-संरक्षण मन्त्रालय— संरक्षित वन घोषणा गर्ने ।

१६. वन तथा भू-संरक्षण मन्त्रालय— सान्जेन खोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१७. वन तथा भू-संरक्षण मन्त्रालय— रा.प.प्रथम श्रेणीको सह सचिव (प्रा) पदमा जगदीश प्रसाद गुप्तालाई बढुवा नियुक्ति गर्ने ।

१८. वाणिज्य मन्त्रालय— प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने ।

१९. शिक्षा मन्त्रालय— विद्यालय शिक्षक किताबखानामा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— Asia Pacific Ministerial Conference on Civil Aviation कार्यक्रममा मा. मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल कला परिषद्लाई आर्थिक सहायता उपलब्ध गराउने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— सिंगापुरमा आयोजना हुने Aviation Leadership Summit र Singapore Air Show-2018 कार्यक्रममा मा. मन्त्रीलाई सहभागी हुन स्वीकृति

२३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव पदमा महेश अर्याललाई बढुवा नियुक्ति गर्ने ।

२४. सहकारी तथा गरिबी निवारण मन्त्रालय— गरिवसँग विश्वेश्वर कार्यक्रममा रहेका सामाजिक परिचालकको संख्या र सुविधा साविकमा व्यवस्था भएबमोजिम हुने गरी गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन (तेस्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृति गर्ने।

२५. सामान्य प्रशासन मन्त्रालय— क्षेत्रीय प्रशासक, पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयको जिम्मेवारी समेत सम्हाल्ने गरी यादवप्रसाद कोइरालालाई विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा कायम मुकायम मुकरर गर्ने।

२६. सामान्य प्रशासन मन्त्रालय— निजामती सेवा नियमावली, २०५० को अनुसूची २क. संशोधन गर्ने ।

२७. सिंचाइ मन्त्रालय— रा.प.प्रथम श्रेणी, सुपरिन्टेन्डिङ इन्जिनियर पदमाकुञ्जनभक्त श्रेष्ठ, श्री हरिराम श्रेष्ठ र रविनाथ बाबु श्रेष्ठलाई बढुवा नियुक्ति गर्ने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय— Woman and Right of Access to Information: Inform Women, Transform Lives विषयक कार्यकममा सहभागी हुन प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटालाई स्वीकृति दिने ।

२९. स्वास्थ्य मन्त्रालय— सहायक प्रमुख जिल्ला अधिकारी र प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षक तोक्ने।

३०. स्वास्थ्य मन्त्रालय— धादिङ जिल्ला अस्पताललाई ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्ने ।

३१. स्वास्थ्य मन्त्रालय— खोटाङ जिल्लाको दिप्रुङ गाउँपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी स्थापना गर्ने ।

३२. स्वास्थ्य मन्त्रालय— कालिकोट जिल्ला पलाँता गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने सैद्धान्तिक स्वीकृति दिने ।

३३. स्वास्थ्य मन्त्रालय— राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रको प्रादेशिक केन्द्र स्थापना गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३४. युवा तथा खेलकुद मन्त्रालय— राष्ट्रिय खेलकूद परिषद्को रिक्त सदस्य पदमा श्री कुवेर प्रकाश सिंह, कैलालीलाई नियुक्त गर्ने ।

३५. निजामती सेवा ऐन, २०४९ को दफा ७२ (क) बमोजिम सामान्य प्रशासन मन्त्रालयबाट पेश भएको व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन आ.व. २०७३/७४ आवाश्यक कार्यार्थ सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

३६. सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउने उमेर पुनरावलोकनको सम्वन्धमा सुझाव दिनका लागि माननीय उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजयकुमार गच्छदारको संयोजकत्वमा माननीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र माननीय स्वास्थ्यमन्त्री दीपक बोहरासमेत रहेको समिति गठन गर्ने । उक्त समितिले आगामी बैठकमा सुझावसहितको सिफारिस प्रतिवेदन पेश गर्ने ।

३७. १. सामान्य प्रशासन मन्त्रालय - प्रत्येक प्रदेशमा रहने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत ७ वटा मन्त्रालय र प्रदेश सभा सचिवालयको अन्तरिम संगठन संरचना एवं अस्थायी दरवन्दी तेरिज स्वीकृत गर्ने ।

२. उपरोक्त बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना भएको प्रमुख सचिव (रा.प.विशिष्ट श्रेणी) को अस्थायी दरवन्दीहरूमा कामकाज गर्न देहायानुसारका अधिकृतहरूलाई खटाउने—

सि.नं.	कर्मचारीको नाम थर	साविकको पद तथा कार्यालय	प्रमुख सचिव भई कामकाज गर्न खटाइएको प्रदेश	थप जिम्मेवारी वहन गर्नुपर्ने कार्यालय
१.	श्री राजेश्वरमान सिंह	क्षेत्रीय प्रशासक, पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय	प्रदेश नं. २	
२.	श्री रेश्मीराज पाण्डे	क्षेत्रीय प्रशासक, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय	प्रदेश नं. ३	क्षेत्रीय प्रशासक, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय
३.	श्री लक्ष्मण अर्याल	क्षेत्रीय प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय	प्रदेश नं. ४	क्षेत्रीय प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय
४.	श्री शंकरप्रसाद पाठक	सचिव, राष्ट्रिय सूचना आयोग	प्रदेश नं. ५	
५.	श्री सुरेश प्रधान	क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय	प्रदेश नं. ६	क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय
६.	श्री लक्ष्मीराम पौडेल	क्षेत्रीय प्रशासक, सूदुरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय	प्रदेश नं. ७	क्षेत्रीय प्रशासक, सूदुरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय

३. प्रत्येक प्रदेशमा रहने मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय लगायत ७ वटा मन्त्रालयका लागि आवश्यक पर्ने कर्मचारी सामान्य प्रशासन मन्त्रालयले खटाउने ।

४. प्रत्येक प्रदेशमा रहने प्रदेश सभा सचिवालयका लागि आवश्यक पर्ने कर्मचारीमध्ये नेपाल संसद सेवाका कर्मचारीहरू संघीय संसद सचिवालयले, प्राविधिक कर्मचारीहरू सूचना तथा सञ्चार मन्त्रालयले, मर्यादापालकहरू गृह मन्त्रालयले र अन्य कर्मचारीहरू सामान्य प्रशासन मन्त्रालयले खटाउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल माघ ३ गते बुधबारका दिन १५:०० वजे बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपालको संविधानको धारा २८८ को उपधारा (३) बमोजिम प्रदेशको कार्य सञ्चालन गर्न देहायबमोजिमको स्थान तोक्नेः-

प्रदेश नं. १. — विराटनगर
प्रदेश नं. २. — जनकपुर
प्रदेश नं. ३. — हेटौंडा
प्रदेश नं. ४. — पोखरा
प्रदेश नं. ५. — बुटवल
प्रदेश नं. ६. — सुर्खेत
प्रदेश नं. ७. — धनगढी

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—

(क) नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम देहायका व्यक्तिहरूलाई प्रदेश प्रमुखमा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्नेः

प्रदेश नं. १. — प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ, धनकुटा,
प्रदेश नं. २. – श्री रत्नेश्वर लाल (कायस्थ), काठमाडौं,
प्रदेश नं. ३. — श्री अनुराधा कोइराला, काठमाडौं,
प्रदेश न. ४. — श्री बाबुराम कुवंर, अर्घाखाँची
प्रदेश नं. ५. — श्री उमाकान्त झा, धनुषा,
प्रदेश नं. ६. — श्री दुर्गा केशर खनाल, सुर्खेत
प्रदेश नं. ७. — श्री मोहनराज मल्ल, कैलाली ।

(ख) प्रदेश प्रमुखको कार्यालय सञ्चालनका लागि प्रदेश प्रमुखको कार्यालय (अन्तरिम व्यवस्थाको लागि) अन्तरिम अस्थायी संगठन संरचना र प्रदेश प्रमुखको कार्यालयको दरबन्दी तेरिज (अन्तरिम व्यवस्थाको लागि) स्वीकृत गर्ने । सोबमोजिम सामान्य प्रशासन मन्त्रालयले जनशक्ति खटाउने।

(ग) प्रदेश प्रमुखलाई अर्को व्यवस्था नभएसम्म नेपाल सरकारको मन्त्रीस्तरको सुरक्षा प्रदान गर्ने । प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय र प्रदेश प्रमुखको निवासको सुरक्षा रक्षा मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले मिलाउने ।

३. अर्थ मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीमा विवेका नन्द घिमिरे बढुवा नियुक्ति गर्ने ।

४. गृह मन्त्रालय— राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनको लागि अल्पसंख्यक तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

५. गृह मन्त्रालय— राष्ट्रिय झण्डा तथा राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

६. गृह मन्त्रालय— स्व. महेशकुमार कोइरालासमेत १९० जनालाई शहिद घोषणा गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— High Level Observation Visit on Strategic Road Network and Maintenance Management विषयक कार्यक्रममा मा. मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

८. सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नियुक्ति तथा पदस्थापन गर्ने ।

९. प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा बनेको ऐन,२०७४ को अनुसूचीमा-३ मा उल्लिखित प्रदेश प्रमुखको निजी सचिवालयमा रहने कर्मचारीहरूलाई देहायबमोजिम हुनेगरी मासिक पारिश्रमिक र सुविधा उपलब्ध गराउनेः

(क)	प्रमुख स्वकीय सचिव	–	(नेपाल सरकारको सहसचिवसरह)
(ख)	सह स्वकीय सचिव	–	(नेपाल सरकारको उपसचिवसरह)
(ग)	उप स्वकीय सचिव	–	(नेपाल सरकारको शाखा अधिकृतसरह)
(घ)	स्वकीय अधिकृत	–	(नेपाल सरकारको शाखा अधिकृतसरह)
(ङ)	फोटोग्राफर अधिकृत	–	(नेपाल सरकारको शाखा अधिकृतसरह)
(च)	कम्प्युटर सहायक	–	(नेपाल सरकारको नायब सुब्बासरह)
(ज)	प्रशासन सहायक	–	(नेपाल सरकारको नायब सुब्बासरह)
(झ)	लेखा सहायक	–	(नेपाल सरकारको नायब सुब्बासरह)
(ञ)	सवारी चालक	–	(नेपाल सरकारको प्रथमस्तरको सवारी चालकसरह)
(ट)	कार्यालय सहयोगी	–	(नेपाल सरकारको प्रथमस्तरको कार्यालय सहयोगीसरह)

प्रदेश प्रमुखको कार्यालयको साइनबोर्डको नमुना, कार्यालयको छापको नमुना, कार्यालयको लेटरप्याडको नमुना र निजी लेटरप्याडको नमुना निर्धारण गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल माघ ३ गते बुधबारका दिन ०९.०० बजे बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— ASYCUDA World Project – HNPW 2018 मा सहभागी हुन राजस्व सचिवलाई स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— भूकम्पीय आवास पुनर्निमाण आयोजना लागि विश्व वैंकबाट प्राप्त हुने थप ऋण सहायता स्वीकार गरी तत् सम्बन्धी सम्झौता पत्रमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने।

३. खानेपानी तथा सरसफाइ मन्त्रालय— स्पेनको मेड्रिडमा हुने कार्यशालामा सहभागी हुन मा.मन्त्रीलाई स्वीकृति दिने ।

४. परराष्ट्र मन्त्रालय— आवासीय नेपाली राजदूतहरूलाई गैर-आवासीय राजदूत तोक्ने ।

५. युवा तथा खेलकुद मन्त्रालय— International Open Friendship Taekwondo Championships मा माननीय युवा तथा खेलकुद राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

६. शिक्षा मन्त्रालय— सिफारिस समिति गठन तथा सम्झौता कार्यान्वयन गर्ने ।

७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— जापानमा आयोजना हुने Martyrs Day-2018 मा मा. राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

८. सहरी विकास मन्त्रालय— मलेसियाको क्वालालाम्पुरमा हुने Ninth Session of the World Urban Forum मा मा. राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।